# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४९) काठमाडौं, पुस २२ गते २०५६ साल (अतिरिक्ताङ्क ३९ (ख)

## भाग ३

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको सूचना

स्वप्न बगैंचा विकास समिति (गठन) आदेश, २०५६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "स्वप्न बगैंचा विकास समिति (गठन) आदेश, २०५६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको स्वप्न बगैंचा विकास समिति सम्झनुपर्छ ।

(ख) "स्वप्न बगैंचा" भन्नाले काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २९ ठमेल, केशरमहलको हाताभित्र शिक्षा मन्त्रालयको स्वामित्वमा रहेको बगैंचा सम्झनुपर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिका अध्यक्ष तथा सदस्य-सचिवसमेतलाई जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्ति भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनुपर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. समितिको गठनः (१) स्वप्न बगैंचालाई पर्यटकीय दृष्टिले सुन्दर र आकर्षक बनाउन तथा वातावरणीय दृष्टिकोणले मैत्री र संरक्षणको नमूनाको रूपमा विकास गर्न स्वप्न बगैंचा विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:—

(क) सचिव, शिक्षा मन्त्रालय — अध्यक्ष

(ख) प्रतिनिधि, पर्यटन विकास बोर्ड — सदस्य

(ग) प्रतिनिधि, इको हिमाल — सदस्य

(घ) पर्यटन तथा वातावरण क्षेत्रमा विशेष योगदान पुऱ्याई आउने व्यक्ति वा जग्गादातामध्येबाट श्री ५ को सरकारबाट मनोनीत दुई जना — सदस्य

(ङ) मनोनीत सदस्यमध्ये समितिले तोकेको व्यक्ति — सदस्य-सचिव

(३) खण्ड (घ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखमा कुनै स्वदेशी तथा विदेशी विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

९६७० (२)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) समितिको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने,

(ख) स्वप्न बगैंचाको विकास तथा संरक्षणको सम्बन्धमा गुरु योजना तर्जुमा गर्ने,

(ग) स्वप्न बगैंचालाई पर्यटकीय, वातावरणीय तथा सौन्दर्यको दृष्टिले विकास गर्ने,

(घ) स्वप्न बगैंचालाई पूर्ववत अवस्थामा ल्याउन केशरमहलको सुन्दरतालाई असर नपर्ने गरी निर्माण, सरसफाइ गर्ने,

(ङ) स्वप्न बगैंचाको विकास, संरक्षण तथा संभारका लागि विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गर्ने,

(च) आयमूलक कार्यक्रमबाट प्राप्त हुने आम्दानीबाट कला, पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण र शिक्षा विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(छ) स्वप्न बगैंचाको विकास तथा संरक्षणका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्ने,

(ज) स्वप्न बगैंचामा प्रवेश गर्नको लागि आवश्यक दस्तुर निर्धारण गर्ने,

(झ) स्वप्न बगैंचामा रहेका बार, टहरामा रेष्टुराँ चमेना गृह आदि सञ्चालन गर्ने वा गराउने,

(ञ) स्वप्न बगैंचामा विभिन्न उत्सव, समारोह जस्ता कार्यक्रमहरू सञ्चालन गर्न दिई आवश्यक दस्तुर लिने,

(ट) समितिको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक काम कारबाही गर्ने ।

५. समितिको बैठकसम्बन्धी कार्यविधिः (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना कम्तीमा सात दिन अगाडि सदस्यहरूलाई दिनुपर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।



१६७९-५०।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकसम्बन्धी व्यवस्थाः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न श्री ५ को सरकारले एक जना कार्यकारी निर्देशक नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ ।

(३) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

७. कर्मचारीसम्बन्धी व्यवस्थाः (१) समितिले कार्य सञ्चालनको लागि आवश्यक कर्मचारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरूको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त र सुविधा तोकिएबमोजिम हुनेछ ।

८. समितिको कोषः (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,
(ख) कुनै अन्तर्राष्ट्रिय संघ, संस्था वा विदेशी सरकारबाट प्राप्त रकम,
(ग) समितिले आर्जन गरेको रकम,
(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनुपर्नेछ ।

(३) समितिले जुन कार्यक्रमको लागि रकम प्राप्त गरेको हो सोही कार्यक्रमको लागि त्यस्तो रकम खर्च गर्नुपर्नेछ ।

(४) समितिको कोषमा रहने रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ ।



1622

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) समितिको खाता सञ्चालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

९. समितिको लेखा र लेखापरीक्षणः (१) समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र समितिको सबै नगदी जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

१०. उपसमिति गठन गर्न सक्नेछः (१) समितिले यो आदेश वा यो आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नुपर्ने कुनै काम गर्न वा त्यस्तो काममा सहयोग पुर्‍याउनको निमित्त आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले गठन गर्दाका बखत निर्धारण गरे बमोजिम हुनेछ ।

११. समितिको सम्पत्ति तथा कागजातः समितिको नाउँमा रहेको तथा प्राप्त हुने सम्पूर्ण अचल सम्पत्तिको अभिलेख र कागजात समितिको कार्यालयमा रहनेछ ।

१२. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकतानुसार सदस्य, उपसमिति वा समितिका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. बैठक भत्ताः समितिका सदस्यहरूले श्री ५ को सरकारले तोके बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउने छन् ।

१४. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा शिक्षा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१५. निर्देशन दिन सक्नेछः श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१६. नियम बनाउन सक्नेछः समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियम बनाउन सक्नेछ र त्यस्ता नियमहरू श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

आज्ञाले,
9623 जयराम गिरी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

9628

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।